# हेटौंडा उपमहानगरपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## 20८२

**प्रतिवेदन प्राप्त गर्ने निकाय**

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

हेटौंडा, मकवानपुर

**प्रतिवेदक**


ह्युमन डेभलपमेण्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा. लि.

ललितपुर महानगरपालिका १५ (खुमलटार)

सम्पर्क नम्बरः ९८६६२६६५२७

Email: hdrcnpl@gmail.com

# विषयसूची

**विषयसूची....................................................................................I**

**तालिका सूची ..............................................................................II**

**अनुसूचीहरू................................................................................III**

**भाग — १ .................................................................................. १**

**परिचय ...................................................................................... १**

१.१ पृष्ठभूमि १

१.२ लैससास परीक्षणको महत्व ३

१.३ लैससास परीक्षणका नीतिगत आधार ५

१.४ लैससास परीक्षणका उद्देश्य ८

**भाग — २ .................................................................................. ९**

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि................................ ९**

२.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरू ९

२.२ लैससास परीक्षणको विधि र तरीका ९

२.२.१ लैससास परीक्षण कार्यदल र विषयगत समिति गठन र जिम्मेवारी........ १०

२.२.१ दस्तावेज समीक्षा................................................................ १०

२.२.२ मुख्य सूचनादाता अन्तर्वार्ता...................................................... १०

२.२.३ लैससास परीक्षण बैठक........................................................ ११

२.२.४ सूचकगत पुनरावलोकन........................................................ १४

२.२.५ सबल, कमजोर, अवसर र चुनौती विश्लेषण .................................. १४

२.२.६ लैससास कार्यान्वयन कार्ययोजना तयारी........................................ १५

**भाग — ३ .................................................................................. १६**

**लैससास परीक्षणको नतिजा................................................................ १६**

३.१ लैससास परीक्षण नतिजाको प्रस्तुतीकरण १६

३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति १८

३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू १८
३.४ अवसर र चुनौतीहरू ७०
३.४.१ अवसरहरू ७०
३.४.२ चुनौतीहरू ७०
३.५ लैंगिक तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्ययोजना ७१
**भाग — ४ ७०**
**निष्कर्ष र सुझाव ७०**
४.१ निष्कर्ष ७०

ख

# तालिका सूची


तालिका १ः लैससास परीक्षणका विषय क्षेत्रहरू ९

तालिका ४ः स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू ११

तालिका ५ः स्थानीय तहमा लैससास परीक्षणको समय तालिका १२

तालिका ६ः लैससास परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरू १३

तालिका ७ः लैससास परीक्षणमा प्राप्त अंकहरूको विवरण १६

तालिका ८ः लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू १५

तालिका ९ः लैंगिक तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्ययोजना ७०

# अनुसूचीहरू

| अनुसूची नं | विषयवस्तु |
|---|---|
| **अनुसूची - १** | लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन विवरण |
| **अनुसूची - २** | लैससास परीक्षण प्रतिवेदन प्रस्तुतीकरण बैठकको हाजिरी विवरण |
| **अनुसूची - ३** | कार्यक्रमका फोटाहरू |

# भाग – १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा ऐतिहासिक कालदेखि नै परिवार, समाज र राज्य-सत्तामा पितृसत्तात्मक सोचको कारण पुरुष र महिला बीचको असमानता तथा विभेद अझै कायमै रहेको छ। उदाहरणका लागि, परिवारमा महिलालाई दोस्रो दर्जामा संवोधन गर्ने चलन रहिरहनु, परिवारको सम्पत्तिमा पुरुषको हक र निर्णय कायम रहनु, राज्यसत्तामा महिलाको सहभागिता न्यून हुनु, महिला हिँसाका घट्नामा निरन्तरता रहनु, समाजमा महिला प्रतिको परम्परागत सोच तथा कुप्रथा भित्रिरूपमा सक्रिय रहनु जस्ता विविध समस्याहरूले अझै समाजमा लैंगिक विभेद् र असमानता रहेको तथ्यलाई प्रमाणित गर्दछ। यसको फलस्वरूप महिला र पुरुष बीचको शक्ति सम्बन्ध असन्तुलित रहनु, महिलामाथिको उत्पीडन कायम रहनु, राज्यको स्रोत साधन र निर्णय प्रक्रियामा महिलाको पहुँच न्यून हुनु जस्ता नकारात्मक तथा विभेदकारी अवस्था रहिरहेको छ। साथै, लैङ्गिक अल्पसंख्यकको अवस्था पनि दयानीय रहेको छ। लैङ्गिक अल्पसंख्यक प्रति समाजका अन्य व्यक्तिले हेर्ने गलत नजर तथा हेप्ने र हिंसा गर्ने प्रचलनमा कमी आएको छैन। लैंगिक अल्पसंख्यकका लागि सामाजिक तथा आर्थिक हक अधिकारका लागि समाज र सरकारको पहल अपेक्षाकृत स्तरमा हुन नसकेको अवस्था रहेको छ।

त्यसैगरी, हाम्रो देशमा विभिन्न जातजाति तथा सामाजिक समुदाय आफ्ना विशिष्ट पहिचान तथा जीवन शैलीमा रहेका छन्। यहाँ ऐतिहासिक समयदेखि नै राज्यको अधिकार तथा सेवा सुविधाबाट बञ्चित भई जीवन यापन गर्ने व्यक्ति तथा समुदायको सङ्ख्या अधिकतम् रहेको छ। सामाजिक रूपमा अछुत बनाइएका वर्गहरू, आदिबासी तथा अल्पसंख्यकहरूको राज्यसत्तामा सहभागिता, राज्यको सेवा सुविधा (शिक्षा, स्वास्थ्य र अन्य सामाजिक तथा आर्थिक लगानी) मा पहुँच, औपचारिक रोजगारीमा सहभागिता, जीविकोपार्जन तथा पारिवारिक समृद्धि जस्ता क्षेत्रमा न्यूनता रहिआएको छ। यही लैङ्गिक तथा समाजिक असमानताका कारण देशमा विभिन्न समयमा राजनीतिक परिवर्तनहरू हुँदै आएको छ र देशमा अहिलेको समयमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सञ्चालनमा रहेको छ। वि सं २०७२ मा सङ्घीय शासन व्यवस्था सहितको नयाँ संविधान

जारी भएको छ। यस संविधानले मुलुकको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी सबै प्रकारका सामाजिक तथा आर्थिक विभेद अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने संकल्प लिएको छ। यसका लागि नेपाल सरकारले सबै तह र क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणालाई कार्यान्वयन गर्दै आएको छ।

वर्तमान संविधानअनुसार मुलुकमा सङ्घीय, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहने व्यवस्था गरिएको छ। यी तीनै तहका सरकारहरूले लैङ्गिक तथा सामाजिक समानताका लागि नीति तथा कानुनहरू लागू गरिएको छ। समाजमा हुने लैङ्गिक विभेद, हिंसा र वहिष्करणका व्यवहारहरूलाई अन्त्य गर्नका लागि बनेका विभिन्न कानुनहरूको कार्यान्वयन गर्न तीनै तहका सरकारहरूले आवधिक तथा वार्षिक योजनाहरू लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) उत्तरदायी बनाउने र सोको कार्यान्वयन गर्ने कार्यमा सुधार आएको छ। नेपाल सरकारले लैङ्गिक तथा सामाजिक समानता र समावेशीकरणका सवालहरूलाई जरैदेखि संवोधन गर्दै लैजानका लागि स्थानीय तहमा यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। सोही क्रममा सबै स्थानीय सरकारले नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कानुनका आधारमा लैससास उत्तरदायी नीति तथा कानुन निर्माण, आवधिक तथा वार्षिक योजनालाई लैससास उत्तरदायी बनाउने र कार्यान्वयन गर्ने कार्यलाई तिब्रता दिएको छ। लैससास कार्यान्वयनको अवस्था मापन गरी सुधारका उपायहरू पहिचान गर्ने र सोको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने अभिप्रायले लैससास परीक्षणको अवधारणा लागू गरिएको छ। लैससास परीक्षणले महिला, लैङ्गिक अल्पसंख्यक, विपन्न, बालबालिका, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, रोगी, दलित तथा पिछाडावर्गको संरक्षण तथा उत्थान सवालहरू र उपयुक्त नीति, रणनीति तथा कार्यक्रमको पहिचान गर्न सहयोग गर्दछ।

स्थानीय तह (गाउँपालिका/नगरपालिका) मा लैससास परीक्षण कार्यान्वयन गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरूका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७८ जारी गरेको छ। यसै कार्यविधिको आधारमा यस हेटौडा उपमहानगरपालिकाको लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ लैससास परीक्षणको महत्व

नेपालमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सवाल विगतबाटै रहिआएको छ। वि सं २०४७ मा प्रजातन्त्रको पूनर्स्थापनापश्चात निरन्तर प्रयासको बावजुद समाजको सोचमा केही सुधार आएको देखिएता पनि अपेक्षित स्तरमा प्रगति हुन सकेको छैन। नेपालको पछिल्लो संविधानले महिला तथा अन्य सामाजिक विशिष्ट वर्ग तथा समुदायको मौलिक हकहरूको व्यवस्था गर्दै सामाजिक तथा आर्थिक विकासको मुलप्रवाहमा पछाडि परेका व्यक्ति तथा समूहको संरक्षण, पैरवी, क्षमता विकास र सहभागितामा प्राथमिकता दिनुपर्ने गरी अधिकारको सुनिश्चित गरेको छ। यसका लागि सङ्घीय, प्रदेश र स्थानीय तहमा विभिन्न कानुनी व्यवस्था लागू भैसकेको छ। यी कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नका लागि तीनै तहका सरकारको आवधिक तथा वार्षिक योजनामा सामाजिक समावेशीकरणका सवालको समाधान गर्ने नीति तथा कार्यक्रमहरू पनि निरन्तररूपमा समावेश गरी तथा कार्यान्वयन गर्दै ल्याइएको छ। तैपनि लैङ्गिक तथा सामाजिक विभेद, हिंसा र अन्य अपराधिक गतिविधिहरू निर्मुल भई सामाजिक समावेशीकरणका सवालहरूको समाधान नभैसकेको अवस्था रहेको छ।

नेपाल सरकारले स्थानीय तहहरूमा नागरिकलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गरिने र आर्थिक तथा सामाजिक विकासका गतिविधिहरू सञ्चालन गरिने भएको हुनाले लैससासको अवधारणालाई नागरिक समक्ष पुर्‍याई समाजमा लैङ्गिक, अपाङ्गता तथा सामाजिक समानता र समावेशीता विकास गर्नका लागि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका रणनीति लागू, लैससास उत्तरदायी बजेट कार्यान्वयन र यसको आधारमा लैससास परीक्षण वार्षिक रूपमा गर्नुपर्ने व्यवस्था गरेको छ। समाजमा रहेको आर्थिक, सामाजिक तथा भौगोलिक असमानताका कारण विभिन्न वर्ग तथा समूहमा सिर्जना भएको उत्पीडन तथा बहिष्करणलाई निर्मुल गर्दै राज्यको स्रोत साधनमा समान पहुँच र विकासमा सहभागिता तथा मुलप्रवाहीकरण आजको आवश्यकता रहेको छ। लैङ्गिक, अपाङ्गता तथा सामाजिक समानता तथा समावेशिता विकासका लागि लागू गरिएका नीति, कार्यक्रम तथा बजेट र सोको कार्यान्वयनबाट प्राप्त नतिजा तथा देखिएका सवालहरूको लेखाजोखा गर्ने र सवाललाई संबोधन गर्नका लागि रणनीतिक कदमहरूको पहिचान तथा कार्यान्वयन अपरिहार्य रहेको छ। स्थानीय सरकारले लैससास विकासका लागि गरिएका

नीतिगत तथा कार्यक्रमगत प्रयासबाट प्राप्त भएको नतिजा मापन गरी सुधार गर्नुपर्ने पक्षहरूको पहिचान तथा कार्ययोजना तयारी गरिने कार्य नै लैससास परीक्षण भएकोले लैससास कार्यान्वयनमा यसको भूमिका र महत्व ठूलो रहेको छ।

स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणले स्थानीय तहमा लैससास कार्यान्वयन गर्नका लागि तर्जुमा गरिएको नीति, रणनीति, ऐन तथा कार्यविधिहरूको अवस्था, आवधिक तथा वार्षिक र अन्य विषयगत रणनीतिक योजनाहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका व्यवस्थाहरू भए/नभएको, संस्थागत संरचनामा लैससासको अवधारणा कार्यान्वयन भए/नभएको, मानव संसाधन तथा क्षमता विकासको क्षेत्रमा लैससासको अवधारणा कार्यान्वयन भए/नभएको, सेवा प्रवाहमा लैससासको अवधारणा कार्यान्वयनको अवस्था र सुशासन तथा उत्तरदायित्वको क्षेत्रमा लैससासको अवधारणा कार्यान्वयनको अवस्थाको लेखाजोखा गर्ने गर्दछ। तसर्थ, लैससास परीक्षणले स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट, संस्थागत संरचना, मानव संसाधन, सेवा प्रवाह र सुशासन क्षेत्रलाई लैससास उत्तरदायी बनाउँदै समतामूलक समाजको स्थापना गरी दिगो शान्तिका लागि योगदान गर्दछ।

## १.३ लैससास परीक्षणका नीतिगत आधार

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन गर्नका लागि नेपाल सरकारले संविधान तथा कानुनहरू लागू गरेको छ। नेपालको संविधान, २०७२ ले मुलुकको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरेको छ। मुलुकमा रहेको प्राकृतिक तथा सामाजिक विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण गर्दै वर्गीय, जातीय क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद अन्त्य गरी सामाजिक तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प लिई सोही बमोजिम मौलिक हकहरूको व्यवस्था गरेको छ। संविधानमा व्यवस्था गरिएका मौलिक हकहरू मानवअधिकार सम्बन्धी विश्वव्यापी अवधारणामा आधारित रहेका छन्।

संविधानको धारा १८ मा समानताको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियतको सुनिश्चित गरेको छ। यस धाराअनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणवाट वञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ। सामाजिक वा सांस्कृतिक दृष्टिले पिछाडएका वर्गहरू जस्तै महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रूपमा विपन्न सबै सामाजिक समुदायका नागरिकहरूको संरक्षण, सशक्तीकरण र सहभागिताका लागि विशेष व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी, संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सुनिश्चित गरेको छ। प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार व्यवस्था गरिएको छ। कुनै पनि महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न बन्देज गरिएको छ। यी हिंसाजन्य कार्यहरू कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक रूपमा सहभागी हुन पाउने अधिकार सुनिश्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था गरिएको छ। महिला तथा पुरुष बीचमा सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था गरिएको छ।

त्यसैगरी, संविधानको धारा ३१ मा प्रत्येक नागरिकका लागि शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ। यस धारा अन्तर्गत प्रत्येक नागरिक (अपांगता भएका र आर्थिकरूपमा विपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सुनिश्चित गरिएको छ। संविधानको धारा ३२ मा प्रत्येक नागरिकका लागि भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र

सम्पदाको उपयोग, संरक्षण र संवर्द्धन गर्ने हकको व्यवस्था गरिएको छ। साथै, धारा ३३ मा प्रत्येक नागरिकका लागि समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सुनिश्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धी समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। संविधानमा समावेश गरिएका यी मौलिक हकहरू विशेष गरी लैंगिक समानता र सामाजिक समावेशीकरण संवेदनशील रहेका छन्।

स्थानीय तहमा लैससासको अवधारणा कार्यान्वयनका लागि संविधानले गरेको व्यवस्थालाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था रहेको छ। उक्त ऐनमा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा समाजिकरूपमा पिछाडिएका, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी उनीहरूको सामाजिक र आर्थिक उत्थान गर्ने, विभिन्न समुदाय बीचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल विवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धविश्वासको अन्त्य गर्ने कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएका वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट विनियोजन र कार्यान्वयन गर्नपर्ने कार्यमा जोड दिएको छ।

सरकारका तीनै तहमा लैससास कार्यान्वयन गर्नका लागि नेपालको संविधान, विषयगत कानुनहरू, लैससास सम्बन्धी राष्ट्रिय रणनीति, आवधिक तथा रणनीतिक योजनाहरू, अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धीहरू र दीगो विकास लक्ष्यहरूले यथेष्ट व्यवस्थाहरू गरेको छ। लैससास सम्बन्धी राष्ट्रिय तथा प्रदेशस्तरीय कानुनहरू कार्यान्वयनका लागि स्थानीय तहमा लागू गरिएका स्थानीय नीति तथा कानुन, रणनीतिक/आवधिक तथा वार्षिक योजना तथा कार्यक्रमहरूले लैससास कार्यान्वयनमा मुख्य भूमिका निर्वाह गर्दछ।

## १.४ लैससास परीक्षणका उद्देश्य

लैससास परीक्षणको मूल उद्देश्य नै स्थानीय तहमा लैससास कार्यान्वयनको अवस्था लेखाजोखा गरी अन्तर तथा सवालहरूको पहिचान गर्ने हो। लैससास परीक्षणको विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

(א नेपालको संविधान तथा प्रचलित सङ्घीय तथा प्रदेश कानुनबमोजिम स्थानीय तहको नीति, कानुन¸ संस्थागत संरचना, जनशक्ति र क्षमता विकास¸ योजना तर्जुमा र कार्यक्रमहरूमा लैससास प्रतिको उत्तरदायित्व कार्यान्वयनको अवस्था मापन गर्ने,

(ב स्थानीय तहको नीति, कानुन¸ संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य¸ योजना तर्जुमा र कार्यक्रमहरूमा लैंगिक समानता तथा समाजिक समावेशीकरणका लागि सबल र सुधार गर्नुपर्ने पक्षहरू तथा अवसर र चुनौतीहरूको पहिचान गर्ने,

(ג स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयनको क्रममा देखिएका सवालहरू समाधान गर्ने कार्ययोजना तयार गर्ने,

(ד स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयनका लागि आधार तयार गर्ने।

# भाग – २

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

## २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरू

स्थानीय तह लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) र बागमती प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१ अनुसार पाँचवटा विषय क्षेत्रहरूमा लैससास परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त विषय क्षेत्रहरूमा व्यवस्था गरिएका सूचक तथा उपसूचक सङ्ख्या देहायअनुसार रहेका छन्:

तालिका १: लैससास परीक्षणका विषय क्षेत्रहरू

| क्र सं | विषय क्षेत्रहरू | सूचक संख्या | उपसूचक संख्या |
|---|---|---|---|
| १ | नीति कानुन र योजना | ३ | २० |
| २ | संस्थागत व्यवस्था | ५ | २० |
| ३ | मानव संसाधन र क्षमता विकास | ४ | २० |
| ४ | सेवा प्रवाह | ५ | २० |
| ५ | सुशासन तथा उत्तरदायित्व | ५ | २० |
|  | जम्मा | २२ | १०० |

## २.२ लैससास परीक्षणको विधि र तरीका

स्थानीय तहमा लैससास परीक्षण कार्यलाई एकरूपता कायम गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) लागू गरिएको छ। यसका साथै, स्थानीय तहको लैससास परीक्षणका लागि सन्दर्भ सामग्रीको रूपमा बागमती प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१ लाई लिइएको छ। लैससास सम्बन्धी नमूना कार्यविधिलाई स्थानीय कार्यविधिको रूपमा पारित गरी सोही अनुसार लैससास परीक्षण गर्नुपर्ने हुन्छ। यस पालिकामा लैससास सम्बन्धी स्थानीय कार्यविधि लागू नभएको हुँदा हाललाई बागमती प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१ को आधारमा यस पालिकाको लैससास परीक्षण गरिएको छ। यो परीक्षण कार्य हरेक आर्थिक वर्षको प्रथम चौमासिकभित्रमा गत आर्थिक वर्षको प्रगति सहितलाई समावेश गरी जनननिर्वाचित पदाधिकारी र

कर्मचारीहरूको संलग्नतामा सम्पन्न गरिएको छ। यस पालिकाको लैससास परीक्षण गर्दा देहायका विधिहरू अवलम्बन गरिएको छः

### २.२.१ लैससास परीक्षण कार्यदल र विषयगत समिति गठन र जिम्मेवारी

यस पालिकाको लैससास परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि लैससास परीक्षण कार्यदल गठन गरिएको थियो। लैससास परीक्षण कार्यदलको संयोजकको जिम्मेवारी नगर उपप्रमुखलाई दिइएको थियो। यस कार्यदलका सदस्यमा वडा अध्यक्ष तथा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत रहेका थिए। महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुखलाई कार्यदलको सदस्य सचिवको भूमिका दिइएको थियो।

### २.२.१ दस्तावेज समीक्षा

यस पालिकाको लैससास परीक्षण गर्दा नेपालको संविधान, २०७२ तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित नीति तथा कानुनहरू, पालिकाको स्थानीय नीति तथा कानुन, आवधिक तथा वार्षिक योजना र गत आर्थिक वर्षको खर्चको प्रगति विवरण आदिको समीक्षा गरिएको थियो। साथै, गत आर्थिक वर्षको प्रगति समीक्षाको प्रतिवेदन र अन्य सम्बन्धित दस्तावेजहरू समीक्षा गरिएको थियो।

### २.२.२ मुख्य सूचनादाता अन्तर्वार्ता

लैससास परीक्षण गर्दा यस उपमहानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा गरिएका नीतिगत व्यवस्था र सोको कार्यान्वयन तथा प्रभावकारिता सम्बन्धमा नगर प्रमुख, नगर उपप्रमुख, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, लक्षित वर्गका प्रतिनिधिहरूसँग अन्तर्वार्ता गरिएको थियो। यस अन्तरवार्तामा नीति कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व क्षेत्रमा सूचनादाताहरूको अनुभव तथा बुझाइ सम्बन्धमा छलफल गरी र उहाँहरूको सुझावहरू संकलन गरिएको थियो।

### २.२.३ लैससास परीक्षण बैठक

लैससास परीक्षणका लागि १ दिने बैठक आयोजना गरिएको थियो। पालिकाको दस्तावेज समीक्षाबाट लैससास परीक्षणका सूचकहरूमा मूल्याङ्कन गरी देखिएका प्रगतिको अवस्था र प्राप्त भएको अंक र आगामी दिनमा गर्नुपर्ने सुधारका कार्यहरू सम्बन्धमा छलफल गरिएको थियो। यसको लागि कार्यदलका सदस्यहरू संयोजक रहने गरी ५ वटा विषय क्षेत्रगत मूल्याङ्कन समूह गठन गरी सम्बन्धित सूचकहरूमा दिइएको अंकहरूको पूनरावलोकन गर्ने कार्य गरिएको थियो।

लैससास परीक्षण बैठकमा पालिकाका देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरू सहभागीता सुनिश्चित गरिएको थियो। लैससास परीक्षण कार्यक्रममा जम्मा ३२ जना सहभागीहरू थिए।

तालिका ४: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | नगर प्रमुख |
| २ | नगर उपप्रमुख |
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | वडा अध्यक्षहरू |
| ५ | कार्यपालिकाका सदस्यहरू |
| ६ | पालिकाका दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | पालिकाका विषयगत शाखाका प्रमुखहरू, कर्मचारीहरू |
| ८ | पालिकाका सबै महिला र लक्षित वर्गका कर्मचारीहरू |

विषयगत समूहहरूलाई लैससास परीक्षणको अवधारणा तथा सूचकहरू र परीक्षण विधि सम्बन्धमा अभिमुखीकरण गरी कार्य जिम्मेवारी दिइएको थियो। क्षेत्रगत परीक्षण समूहलाई शाखाहरूमा गई प्रमाण संकलन गर्ने र छलफल गरी प्रमाणको आधारमा सूचकमा अंक प्रदान गर्ने कार्य गरिएको थियो। क्षेत्रगत परीक्षण समूहले सूचकको मूल्याङ्कन गरेपश्चात संयोजकहरूलाई सूचकगत अवस्था र अंक प्रस्तुत गराइएको थियो। साथै, लैससास परीक्षणबाट सूचकहरूमा देखिएका सवल तथा कमजोर पक्षहरू र अवसर तथा चुनौतीहरू प्रस्तुत गरिएको थियो ।उक्त सवल तथा कमजोर परक्षहरू र अवसर तथा चुनौतीहरूका आधारमा चालु तथा आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्नुपर्ने सूचकगत कार्यहरू बारेमा छलफल गरी कार्ययोजना तर्जुमा गरिएको थियो।

तालिका ५: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका

| सत्र | समय | क्रियाकलापहरू |
|---|---|---|
| प्रथम | १०.०० -११.३० | कार्यक्रम उद्घाटन¸ परिचय, स्वागत मन्तव्य<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा |
| दोश्रो | ११.४५ - १.३० | लैससास परीक्षणका लागि विषयगत समूह गठन र परीक्षण कार्यमा परिचालन |
| तेश्रो | २.०० - ३.३० | लैससास परीक्षणको प्रथम मस्यौदा र माकुरेजालो सहभागीहरू बीचमा प्रस्तुतीकरण |
| चौथो | ३.३० - ५.०० | लैससास कार्ययोजना तयारी<br>पालिका प्रमुखज्युवाट कार्यक्रमको समापन |

"स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७"र बागमती प्रदेश सरकारद्वारा लागू गरिएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१ को अनुसार कुल परीक्षण अंकभार १०० र तोकिएका ५ मूल विषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ। उक्त ५ विषय क्षेत्रभित्र २२ वटा सहायक विषयहरू र अंकभारहरू देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ६: लैससास परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरू

| क्र सं | मुख्य तथा सहायक विषय क्षेत्रहरू | अंकभार |
|---|---|---|
| **क** | **नीति कानुन र योजना** | |
| १ | नीति, कानुन र योजनामा समावेशी सहभागिता | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | जम्मा | २० |
| **ख** | **संस्थागत व्यवस्था** | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २ | कार्यप्रणाली समावेशी | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| ५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ |
| | जम्मा | २० |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना | ४ |
| ३ | कानुनी साक्षरता | ४ |
| ४ | विपद् व्यवस्थापनमा समावेशीकरण | ४ |

| | | |
|---|---|---|
| | जम्मा | २० |
| घ | **सेवा प्रवाह** | |
| १ | पूर्वाधार विकास | ४ |
| २ | प्रजनन् स्वास्थ्य | ४ |
| ३ | शिक्षा कार्यक्रम | ४ |
| ४ | खानेपानी तथा सरसफाइ | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ |
| | जम्मा | २० |
| ङ | **सुशासन तथा उत्तरदायित्व** | |
| १ | सुशासन | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ |
| ४ | अनुगमन र मूल्यांकन | ४ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | जम्मा | २० |
| | **कुल जम्मा** | **१००** |

माथिको तालिकामा दिइएअनुसार लैससास परीक्षणका १०० वटा सूचकहरूमा मूल्याङ्कन गरी प्रमाणको आधारमा अंक प्रदान गर्नुपर्ने भएकोले सोही अनुसार गरिएको छ। यसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अंक प्रदान गरिएको छ।

### २.२.४ सूचकगत पुनरावलोकन

लैससास परीक्षण बैठकमा गठित क्षेत्रगत परीक्षण समूहको प्रतिवेदन प्राप्त भएपश्चात परामर्शदाताका विज्ञ टोलीले सूचकहरूमा भएको प्रगतिको प्रमाण तथा दस्तावेजहरू पूनरावलोकन गरी प्राप्त अंकहरूको समीक्षा गर्नेछ जसबाट वास्तविक प्रगतिको आधारमा अंक प्राप्त हुने, लैससास कार्यान्वयनको क्षेत्रमा रहेका अवसर तथा चुनौती र सवल तथा कमजोर पक्षहरूको पहिचान गरिएको थियो।

### २.२.५ सबल, कमजोर, अवसर र चुनौती विश्लेषण

लैससास परीक्षणको क्रममा क्षेत्रगत परीक्षण समूहबाट सूचकगत मूल्याङ्कन गरी हालको प्रगतिको अवस्था, सवल तथा कमजोर पक्षहरूको पहिचान भएको छ। साथै, पालिकाको दस्तावेज समीक्षा, अन्तर्वार्ता र लैससास परीक्षण बैठकबाट लैससास कार्यान्वयनको क्षेत्रमा रहेका अवसर तथा चुनौतीहरूको पहिचान गरिएको थियो।

### २.२.६ लैससास कार्यान्वयन कार्ययोजना तयारी

विषयक्षेत्रगत लैससास परीक्षण समूहद्वारा सूचकगत मूल्याङ्कन गरी प्रगतिको अवस्था, अवसर तथा चुनौती र सवल तथा कमजोर पक्षहरूको पहिचान गरी सोको समधान तथा विकासका लागि कार्ययोजना तयार गरिएको छ।

# भाग – ३

# लैससास परीक्षणको नतिजा

## ३.१ लैससास परीक्षण नतिजाको प्रस्तुतीकरण

यस पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा पालिकामा प्राप्त भएका कागजात तथा तथ्याङ्कहरूको आधारमा परीक्षण गरिएको थियो। लैससास परीक्षणको क्रममा "स्थानीय तह लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७"र बागमती प्रदेश सरकारद्वारा लागू गरिएको लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१ मा समावेश गरिएका विषयक्षेत्र तथा सूचकहरूमा भएको प्रगतिको आधारमा अंक प्रदान गरिएको छ। लैससासको क्षेत्रमा गत आर्थिक वर्षको पालिकाको कार्य प्रगतिलाई मूल्याङ्कन गर्दा विषय क्षेत्रगतरूपमा लैससास परीक्षणबाट प्राप्त भएको अंक देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ७: लैससास परीक्षणमा प्राप्त अंकहरूको विवरण

| क्र सं | मुख्य तथा सहायक विषय क्षेत्रहरू | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **नीति कानुन र योजना** | | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ६.० |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६.० |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३.० |
| | जम्मा | २० | १५.० |
| **ख** | **संस्थागत व्यवस्था** | | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| २ | कार्यप्रणाली समावेशी | ४ | २.५ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २.५ |
| ५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| | जम्मा | २० | ११.५ |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ | ४.५ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना | ४ | ३.० |

| | | | |
|---|---|---|---|
| **३** | कानुनी साक्षरता | ४ | २.५ |
| **४** | विपद् व्यवस्थापनमा समावेशीकरण | ४ | ३.५ |
| | जम्मा | २० | १३.५ |
| घ | **सेवा प्रवाह** | | |
| **१** | पूर्वाधार विकास | ४ | २.५ |
| **२** | प्रजनन स्वास्थ्य | ४ | ३.५ |
| **३** | शिक्षा कार्यक्रम | ४ | ४.० |
| **४** | खानेपानी तथा सरसफाइ | ४ | ३.५ |
| **५** | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ | ४.० |
| | जम्मा | २० | १७.५ |
| ङ | **सुशासन तथा उत्तरदायित्व** | | |
| **१** | सुशासन | ४ | ३.० |
| **२** | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| **३** | सूचना तथा सञ्चार | ४ | ३.० |
| **४** | अनुगमन र मूल्यांकन | ४ | २.५ |
| **५** | समन्वय र सम्बन्ध बिस्तार | ४ | १.५ |
| | जम्मा | २० | १३.५ |
| | **कुल जम्मा** | **१००** | ७१.० |

नोटः यसको विस्तृत विवरण अनुसूची – १ मा हेर्नुहोला ।

## ३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति




## ३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू

लैससास परीक्षण गर्दा सोसम्बन्धी कार्यविधिमा व्यवस्था गरिएका १०० वटा सूचकहरूमा पालिकाको प्रगतिको अवस्था लेखाजोखा गरिएको छ। सूचकहरूलाई तीन तहमा मापन गरिएको छ। राम्रो प्रगति भएको सूचकमा १ अंक प्रदान गरिएको छ जुन सबल अवस्था हो। आंशिक प्रगति भएको सूचकलाई ०.५ अंक प्रदान गरिएको छ जुन मध्यम प्रगति भएको अवस्था हो। प्रगति नभएको सूचकलाई ० अंक प्रदान गरिएको छ जुन कमजोर अवस्थाको रूपमा पहिचान भएको छ। लैससास परीक्षणका सूचकहरूमा भएको प्रगतिलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ८: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू

| क्र सं | सूचक तथा उपसूचकहरू | अंकभार | वर्तमान अवस्था | प्राप्ताङ्क | प्रगतिको अवस्था | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | | | | |
| १.१ | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | **१** | | | | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शद्ध चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको? | १ | हालको मौजुदा कानुनले कार्यटोली गठनको बाध्यकारी व्यवस्था नगरेको।<br>विषयवस्तु र शद्ध चयन समावेशी भएको। | १ | सबल | स्थानीय लैससास कार्यान्वयन कार्यविधि वा निर्देशिका तयार गरी सो अन्तर्गत स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली गठन गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने। |
| १.१.२ | पालिकाले आफ्नो नीति, कानुन र योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको/ नगरेको? | १ | पालिकाको नीति, कानुन र योजना तयार गर्ने क्रममा लैससासको दृष्टीकोणवाट उपयुक्त भए नभएको बारे लेखाजोखा नगरेको। | ० | कमजोर | स्थानीय नीति, कानुन लागू गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्तता बारेमा लेखाजोखा गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने। |
| १.१.३ | पालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको/नभएको? | १ | पालिकाको स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरूमा लैससास विकास सम्बन्धी क्षेत्र तथा विषयहरू समावेश भएको। | १ | सबल | पालिकाको स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनाका लैससास विकास सम्बन्धी क्षेत्र तथा विषयहरू कार्यान्वयन निरन्तरता दिनुपर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.४ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | १ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु र रणनीति लागू भएको।<br>कार्यपालिका निर्णय, कानुन र कार्यविधि लगायतमा लैससास सम्बन्धी व्यवस्था भएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन? | १ | स्थानीय ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न व्यवस्था गरिएको। | ०.५ | मध्यम | स्थानीय ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु रोक्ने व्यवस्थाको कार्यान्वयन प्रभावकारिता अध्ययन गरी थप पहल गर्नुपर्ने। |
| १.१.६ | संघीय कानुनले व्यवस्था गरेबमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाइ हुने प्रबन्ध मिलाए/नमिलाएको ? | १ | न्यायिक समितिले महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाइ हुने व्यवस्था गरिएको। | १ | सबल | स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने महिला तथा कुनैपनि नागरिक माथि हुने हिंसा र विभेद उपर न्यायिक फैसला र सोको कार्यान्वयन गर्नुपर्ने। |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको/नरहेको ? (समुदायको प्रचलन विभेदकारी भएको/नभएको।) | १ | औपचारिक क्षेत्रमा महिला र पुरुषबीच श्रमको ज्यालामा विभेद नभएको।<br>समुदाय स्तरमा महिला र पुरुष बीच श्रमको ज्यालामा विभेद रहेको सूचना प्राप्त नरहेको। | १ | | समुदाय स्तरमा महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने नीतिगत व्यवस्था, अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने। |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको/नरहेको? | १ | पालिका बाहिरको कामदार तथा श्रमजिवी उपर हुने विभेद नभएको।<br>विभेद रोक्ने नीतिगत व्यवस्था | ०.५ | | रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने नीतिगत व्यवस्था गर्नुपर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नभएको। | | | |
| | **सहायक विषयगत जम्मा** | ८ | | ६.० | | |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ/छैन? | १ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम समावेश भएको तर मापनयोग्य उपलब्धि लक्ष्य समावेश नगरिएको। | ०.५ | मध्यम | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रमका साथै मापनयोग्य उपलब्धि लक्ष्य समावेश गर्नुपर्ने। |
| १.२.२ | पालिकाको बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाइदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको? | १ | महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि कार्यक्रमहरू राखिएको भएता पनि बजेट तर्जुमा गर्दा निश्चित प्रतिशत निर्धारण गरी बजेट विनियोजन नगरिएको। | ०.५ | मध्यम | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गरी महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि प्रत्यक्ष फाइदा पुग्ने गरी कुल विकास बजेटको निश्चित प्रतिशत बजेट छुट्याउनु पर्ने। |
| १.२.३ | पालिकाको योजना सूची लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरेको/नगरेको? (योजना तर्जुमा गर्दा बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरूलाई समेटेको/नसमेटेको परीक्षण गर्ने।) | १ | योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता हुने गरेको।<br>योजना छनौट गर्दा बस्तीस्तरबाट आएका योजनाहरूलाई प्राथमिकीकरण गरी योजना तर्जुमा गरिएको। | १ | सबल | योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता सुनिश्चित गर्दै उनीहरूकै सहभागितामा योजनाको प्राथमिकीकरण गर्नुपर्ने। |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता | १ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता | १ | सबल | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको? | | पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरेको। | | | पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने। |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | १ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरेको प्रतिवेदन प्राप्त नभएको। | ० | कमजोर | आगामी वर्षमा योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरेको प्रतिवेदन तयार गरी राख्नु पर्ने । |
| १.२.६ | पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरेको/नगरेको? | १ | पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने अधिकतम् विषयलाई समावेश गरी कार्यान्वयन गरेको। | १ | | दिगो विकास लक्ष्य नं ५ का कार्यक्रम समावेश र कार्यान्वयन निरन्तररुपमा गर्नुपर्ने। |
| १.२.७ | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको? | १ | स्थानीय तहका योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी नीतिगत व्यवस्था भएको। | १ | सबल | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने योजना कार्यान्वयनलाई निरन्तरता दिनुपर्ने। |
| १.२.८ | पालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको? | १ | उपभोक्ता समितिहरूमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरूलाई जिम्मेवारी दिएको पाइएको। | १ | सबल | उपभोक्ता समितिहरूमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरूलाई जिम्मेवारी दिने व्यवस्था निरन्तर लागू गर्नुपर्ने। |
| | **सहायक विषयगत जम्मा** | ८ | | ६.० | | |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको/नगरिएको? | १ | बस्ती स्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागिता सहित छलफल हुने गरेको। | १ | सबल | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या विश्लेषण गर्नुपर्ने। |
| १.३.२ | पालिकाका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको? | १ | पालिकामा क्षमता विकास योजनामा लैससास समावेश नभएको।<br>लैससास परीक्षणको लागि कार्यक्रम तथा बजेट नियमित रुपमा विनियोजन र कार्यान्वयन हुने गरेको। | १ | सबल | क्षमता विकास योजनामा लैससासको अवधारणा समावेश गर्नुपर्ने। |
| १.३.३ | लैससास परीक्षण पश्चात लैंगिक तथा सामाजिक समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समाबेश गरिएको/नगरिएको? | १ | लैससास परीक्षणलाई निरन्तरता दिएको र<br>सोको आधारमा वार्षिक योजनामा क्षमता विकास कार्यक्रम समावेश तथा कार्यान्वयन आंशिक भएको। | ०.५ | मध्यम | लैससास परीक्षण पश्चात लैंगिक तथा सामाजिक समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि कार्यक्रम वार्षिक योजनामा समाबेश गर्नुपर्ने। |
| १.३.४ | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको? (बजेट तथा कार्यक्रम बीच भिडान) | १ | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजनको व्यवस्था नगरेको।<br>लक्षित वर्गका लागि कार्यक्रम तथा बजेट विनियोजन तथा कार्यान्वयन हुने गरेको। | ०.५ | मध्यम | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजनको व्यवस्था गर्नुपर्ने। |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **मूल विषयगत जम्मा** | २० | | १५.० | | |
| **२** | **संस्थागत व्यवस्था** | | | | | |
| **२.१** | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | | | |
| २.१.१ | पालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन? | १ | सोसम्बन्धी राष्ट्रिय कानुनहरूमा ५०/५० प्रतिशत सहभागिताको व्यवस्था नरहेको पालिकाको निर्णायक तहमा महिलाको सहभागिता/ प्रतिनिधित्व सुनिश्चित नरहेको। | ०.५ | मध्यम | पालिकाको निर्णायक तहमा महिलाको प्रतिनिधित्व बढाउने नीति तथा कानुन तयारी र लागू गर्नुपर्ने। |
| २.१.२ | पालिकाका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरण हुनसक्ने रणनीति लिएको छ/छैन? | १ | स्थानीय कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरणको स्थानीय नीति लागू नभएको। | ० | कमजोर | स्थानीय कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरणको स्थानीय नीति लागू गर्नुपर्ने। |
| २.१.३ | पालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको? | १ | पालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको जनशक्ति उपलब्ध रहेको। | १ | सबल | पालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली गठन र परिचालन गर्नुपर्ने। |
| २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको? | १ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता विकासका अवसर वितरण गर्दा सकारात्मक विभेदको नीति लागू भएको। | १ | सबल | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता विकासका अवसर वितरण गर्दा सकारात्मक विभेदको नीति निरन्तर कार्यान्वयन गर्नुपर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | | |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | | | |
| २.२.१ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन? | १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति लागू गरिएको।<br>आवधिक तथा वार्षिक योजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरू समावेश तथा कार्यान्वयन गरिएको। | १ | सबल | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्नुपर्ने। |
| २.२.२ | पालिकामा लैंगिक विकास हेर्ने ईकाईको व्यवस्था छ/छैन? (लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | १ | पालिकामा लैंगिक विकास हेर्ने छुट्टै ईकाई वा डेस्कको व्यवस्था नभएको तर महिला बालबालिका तथा समाज कल्याण शाखालाई जिम्मेवारी दिइएको।<br>लैससास कार्यान्वयन समिति गठन गरी परिचालन नभएको। | ०.५ | मध्यम | लैससास कार्यान्वयन कार्यविधि वा निर्देशिका लागू गरी लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्नुपर्ने। |
| २.२.३ | पालिकावाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छ/छैन? | १ | लैगिक हिंसा नियन्त्रणका लागि आचार संहिता लागू नभएको। | ० | कमजोर | लैगिक हिंसा नियन्त्रणको लागि आचार संहिता तर्जुमा गरी लागू गर्नुपर्ने। |
| २.२.४ | योजना तर्जुमा प्रक्रियामा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको? | १ | योजना तर्जुमा गर्दा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सहभागिता भएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भएको। | १ | सबल | योजना तर्जुमा प्रक्रियामा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सहभागिता सुनिश्चित गर्ने। |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | | |
| २.३ | **समिति उपसमिति र कार्यदलमा** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **प्रतिनिधित्व** | | | | | |
| २.३.१ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको/नरहेको? | १ | पालिकाका समिति, उपसमिति र कार्यदलहरूमा महिला र वञ्चितीकरणमा परेका समुदायवाट प्रतिनिधित्वको नीतिगत व्यवस्था कार्यान्वयन भएको। | ०.५ | मध्यम | पालिकाका सबै समिति, उपसमिति र कार्यदलहरूमा महिला र वञ्चितीकरणमा परेका समुदायवाट प्रतिनिधित्वको नीतिगत व्यवस्था लागू गर्नुपर्ने। |
| २.३.२ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको? | १ | समिति उपसमितिहरूमा महिला तथा वञ्चितीकरणमा परेका वर्गका प्रतिनिधिहरूले छलफल र निर्णय कार्यमा स्वस्थ ढंगले भाग लिन पाएको। | १ | सबल | समिति उपसमितिहरूमा रहेका महिला तथा वञ्चितीकरणमा परेका वर्गका प्रतिनिधिहरूलाई क्षमता विकास तालिम उपलब्ध गराउनुपर्ने। |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | | | | | | |
| **५.५** | **समन्वय र सम्बन्ध बिस्तार** | | | | | | | | | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेशले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने | १ | समन्वय र साझेदारीमा कार्यक्रमहरू गर्ने गरिएको । | १ | सबल | संघ र प्रदेशले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण | सबै महाशाखा | निरन्तर | | 🌤 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरेको/नगरेको? | | | | | गर्ने। | | | | |
| ५.५.२ | लैससास क्षेत्रका सरोकारवाला निकायहरू बीच सञ्जाल गठन र परिचालन भएको छ/छैन? | १ | लैससास कार्यान्वयनको लागि सरोकारवालाहरूको सञ्जाल गठन नभएको। | ० | कमजोर | लैससास कार्यान्वयनको लागि सरोकारवालाहरूको सञ्जाल गठन तथा परिचालन गर्ने। | म. बा. तथा समावेशीकरण महाशाखा | आ. व. २०८२/८३ | 🌤 | 🕵 |
| ५.५.३ | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएको छ/छैन? | १ | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरू सञ्चालन नभएको। | ० | कमजोर | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने। | म. बा. तथा समावेशीकरण महाशाखा | आ. व. २०८२/८३ | 🌤 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५.५.४ | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा पालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको? | १ | यी राष्ट्रिय कार्ययोजनाहरूमा तोकिएका कार्यक्रमहरू सञ्चालन गर्ने नीतिगत निर्णय नभएको तर केही कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गरिएको। | ०.५ | मध्यम | यी राष्ट्रिय कार्ययोजनाहरूमा तोकिएका कार्यक्रमहरू सञ्चालन गर्ने नीतिगत निर्णय गरी कार्यान्वयन गर्ने। | योजना शाखा म. बा. तथा समावेशीकरण महाशाखा | आ. व. २०८२/८३ | | |
| | **सहायक विषयगत जम्मा** | ४ | | १.५ | | | | | |
| | **मूल विषयगत जम्मा** | २० | | १३.५ | | | | | |
| | **कुल जम्मा** | १०० | | ७१.० | | | | | |

# भाग – ४

# निष्कर्ष र सुझाव

## ४.१ निष्कर्ष

यस पालिकाको आवधिक विकास योजना र वार्षिक योजनाहरूमा लैससास प्रवर्धनका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ। गत आर्थिक वर्षको लैससास परीक्षणबाट जम्मा ७१ अंक प्राप्त भएको छ। नीति, कानुन र योजनामा कुल २० अंकमा १५ (७5 प्रतिशत) अंक प्राप्त भएको छ। दोस्रो विषय क्षेत्र संस्थागत व्यवस्थामा कुल २० अंकमा 11.5 अंक (5७.5 प्रतिशत) प्राप्त भएको छ। त्यस्तै तेस्रो विषय क्षेत्र मानव संसाधन तथा क्षमता विकासमा कुल २० अंकमा 1३.५ अंक (6७.५ प्रतिशत) मात्र प्राप्त भएको छ। चौथो विषय क्षेत्र सेवा प्रवाहमा कुल २० अंकमा 1७.5 अंक (८7.5 प्रतिशत) प्राप्त भएको छ। पाँचौ विषय क्षेत्र सुशासनमा कुल २० अंकमा १3.५ अंक (6७.५ प्रतिशत) प्राप्त भएको छ। गत आर्थिक वर्षको प्रगतिको लैससास परीक्षणको यस नतिजाले ५ वटै क्षेत्रमा पालिकाले लैससास सम्बन्धी अझै प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ।

**अनुसूची – १**

# हेटौडा उपमहानगरपालिका

हेटौडा, मकवानपुर

लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन विवरण

परीक्षण अंकः राम्रो - १, ठिकै - ०.५ र नभएको – ०

| क्र सं | सूचक तथा उपसूचकहरू | अंकभार | वर्तमान अवस्था | प्राप्ताङ्क | प्रगतिको अवस्था |
|---|---|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | | | |
| १.१ | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | **१** | | | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शद्व चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको? | १ | हालको मौजुदा कानुनले कार्यटोली गठनको बाध्यकारी व्यवस्था नगरेको।<br>विषयवस्तु र शद्व चयन समावेशी भएको। | १ | सबल |
| १.१.२ | पालिकाले आफ्नो नीति, कानुन र योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको/ नगरेको? | १ | पालिकाको नीति, कानुन र योजना तयार गर्ने क्रममा लैससासको दृष्टीकोणवाट उपयुक्त भए नभएको बारे लेखाजोखा नगरेको। | ० | कमजोर |
| १.१.३ | पालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको/नभएको? | १ | पालिकाको स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरूमा लैससास विकास सम्बन्धी क्षेत्र तथा विषयहरू समावेश भएको। | १ | सबल |
| १.१.४ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू छन्/छैनन्? (स्थानीय ऐन, कानुन, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | १ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू र रणनीति लागू भएको। | १ | सबल |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा | १ | स्थानीय ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय | ०.५ | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| | बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन? | | या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न व्यवस्था गरिएको। | | |
| १.१.६ | संघीय कानुनले व्यवस्था गरेबमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाइ हुने प्रबन्ध मिलाए/नमिलाएको? | १ | न्यायिक समितिले महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाइ हुने व्यवस्था गरिएको। | १ | सबल |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको/नरहेको ? (समुदायको प्रचलन विभेदकारी भएको/नभएको। ) | १ | औपचारिक क्षेत्रमा महिला र पुरुषबीच श्रमको ज्यालामा विभेद नभएको।<br>समुदाय स्तरमा महिला र पुरुष बीच श्रमको ज्यालामा विभेद रहेको सूचना प्राप्त नरहेको। | १ | |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको/नरहेको? | १ | पालिका बाहिरको कामदार तथा श्रमजिवी उपर हुने विभेद नभएको।<br>विभेद रोक्ने नीतिगत व्यवस्था नभएको। | ०.५ | |
| | **सहायक विषयगत जम्मा** | ८ | | ६.० | |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ/छैन? | १ | वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम समावेश भएको तर मापनयोग्य उपलब्धि लक्ष्य समावेश नगरिएको। | ०.५ | मध्यम |
| १.२.२ | पालिकाको बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाइदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको? | १ | महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि कार्यक्रमहरू राखिएको<br>भएता पनि बजेट तर्जुमा गर्दा निश्चित प्रतिशत निर्धारण गरी बजेट विनियोजन नगरिएको। | ०.५ | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२.३ | पालिकाको योजना सूची लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरेको/नगरेको? (योजना तर्जुमा गर्दा  बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरूलाई समेटेको/नसमेटेको परीक्षण गर्ने।) | १ | योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता हुने गरेको। योजना छनौट गर्दा बस्तीस्तरबाट आएका योजनाहरूलाई प्राथमिकीकरण गरी योजना तर्जुमा गरिएको। | १ | सबल |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको? | १ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरेको। | १ | सबल |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन)? | १ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरेको प्रतिवेदन प्राप्त नभएको। | ० | कमजोर |
| १.२.६ | पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरेको/नगरेको? | १ | पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने अधिकतम् विषयलाई समावेश गरी कार्यान्वयन गरेको। | १ | |
| १.२.७ | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको? | १ | स्थानीय तहका योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी नीतिगत व्यवस्था भएको। | १ | सबल |
| १.२.८ | पालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको? | १ | उपभोक्ता समितिहरूमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरूलाई जिम्मेवारी दिएको पाइएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ८ | | ६.० | |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको/नगरिएको? | १ | बस्ती स्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागिता सहित छलफल हुने गरेको। | १ | सबल |
| १.३.२ | पालिकाका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको? | १ | पालिकामा क्षमता विकास योजनामा लैससास समावेश नभएको।<br>लैससास परीक्षणको लागि कार्यक्रम तथा बजेट नियमित रुपमा विनियोजन र कार्यान्वयन हुने गरेको। | १ | सबल |
| १.३.३ | लैससास परीक्षण पश्चात लैंगिक तथा सामाजिक समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समाबेश गरिएको/नगरिएको? | १ | लैससास परीक्षणलाई निरन्तरता दिएको र सोको आधारमा वार्षिक योजनामा क्षमता विकास कार्यक्रम समावेश तथा कार्यान्वयन आंशिक भएको। | ०.५ | मध्यम |
| १.३.४ | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको? (बजेट तथा कार्यक्रम बीच भिडान) | १ | लक्षित वर्गका लागि कार्यक्रम तथा बजेट विनियोजन तथा कार्यान्वयन भएको भएता पनि उक्त समूहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजनको व्यवस्था नगरेको। | ०.५ | मध्यम |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.० | |
| | **मूल विषयगत जम्मा** | २० | | १५.० | |
| **२** | **संस्थागत व्यवस्था** | | | | |
| **२.१** | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | | |
| २.१.१ | पालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन? | १ | सोसम्बन्धी राष्ट्रिय कानुनहरुमा ५०/५० प्रतिशत सहभागिताको व्यवस्था नरहेको पालिकाको निर्णायक तहमा महिलाको सहभागिता/ प्रतिनिधित्व सुनिश्चित नरहेको। | ०.५ | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१.२ | पालिकाका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरण हुनसक्ने रणनीति लिएको छ/छैन? | १ | स्थानीय कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरणको स्थानीय नीति लागू नभएको। | ० | कमजोर |
| २.१.३ | पालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको? | १ | पालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको जनशक्ति उपलब्ध रहेको। | १ | सबल |
| २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको? | १ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता विकासका अवसर वितरण गर्दा सकारात्मक विभेदको नीति लागू भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | | |
| २.२.१ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन? | १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति लागू गरिएको। आवधिक तथा वार्षिक योजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरू समावेश तथा कार्यान्वयन गरिएको। | १ | सबल |
| २.२.२ | पालिकामा लैंगिक विकास हेर्ने ईकाईको व्यवस्था छ/छैन? (लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | १ | पालिकामा लैंगिक विकास हेर्ने छुट्टै ईकाई वा डेस्कको व्यवस्था नभएको तर महिला बालबालिका तथा समाज कल्याण शाखालाई जिम्मेवारी दिइएको। लैससास कार्यान्वयन समिति गठन गरी परिचालन नभएको। | ०.५ | मध्यम |
| २.२.३ | पालिकावाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता | १ | लैंगिक हिंसा नियन्त्रणका लागि आचार संहिता लागू नभएको। | ० | कमजोर |

| | | | | | |
|---|---|---|---|---|---|
| | बनाएर लागू गरिएको छ/छैन? | | | | |
| २.२.४ | योजना तर्जुमा प्रक्रियामा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको? | १ | योजना तर्जुमा गर्दा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सहभागिता भएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | |
| २.३.१ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको/नरहेको? | १ | पालिकाका समिति, उपसमिति र कार्यदलहरूमा महिला र वञ्चितीकरणमा परेका समुदायवाट प्रतिनिधित्वको नीतिगत व्यवस्था कार्यान्वयन भएको। | ०.५ | मध्यम |
| २.३.२ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको? | १ | समिति उपसमितिहरूमा महिला तथा वञ्चितीकरणमा परेका वर्गका प्रतिनिधिहरूले छलफल र निर्णय कार्यमा स्वस्थ ढंगले भाग लिन पाएको। | १ | सबल |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समीक्षा सम्बन्धी कार्यमा पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला र वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको? | १ | समिति उपसमितिहरूले कार्यक्रम अनुगमन गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायलाई पुगेको लाभ सम्बन्धमा हेर्ने र सुझाव दिने कार्य नभएको। | ० | कमजोर |
| २.३.४ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन हुने गरेको/नगरेको? | १ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरू तयार नभएकोले सोको कार्यान्वयन नभएको। | ० | कमजोर |
| | **सहायक विषयगत जम्मा** | ४ | | १.५ | |
| २.४ | **वित्त व्यवस्थापन प्रणालीमा समावेशीता** | | | | |
| २.४.१ | लैंगिक हिंसा न्यूनीकरण तथा महिला क्षमता विकासका लागि छुट्टै | १ | यस पालिकाले लक्षित वर्गका लागि क्षमता विकास | १ | सबल |

| | | | | | |
|---|---|---|---|---|---|
| | कोष स्थापना गरिएको/नगरिएको? | | तालिम कार्यक्रमहरू सञ्चालन भएको। | | |
| २.४.२ | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तीकरणको लागि बजेटको व्यवस्था भएको छ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ? | १ | महिला तथा लक्षित समुदायको विकास र सशक्तीकरणको लागि कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने कार्य आंशिक रुपमा भएको। | ०.५ | मध्यम |
| २.४.३ | के पालिकामा लैंगिक डेस्कको विकास र आवश्यक मानवीय श्रोतहरूको लागि बजेटको व्यवस्था गरिएको छ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ? | १ | पालिकामा महिला तथा बालबालिका शाखाले लैंगिक डेस्कको कार्य गरेको। लैंगिक डेस्क तथा कर्मचारीको क्षमता विकासको लागि कार्यक्रमहरू पहिचान नगरिएको। | ०.५ | मध्यम |
| २.४.४ | पालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेट व्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको? | १ | पालिकाले शाखाहरूमा समावेशी सूचना प्रणाली आंशिकरूपमा लागू गरेको। कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने गरेको। | ०.५ | मध्यम |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | |
| २.५ | **तथ्याङ्क संकलन तथा व्यवस्थापन** | | | | |
| २.५.१ | के पालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डीकृत सूचना या तथ्यांक संकलन तथा अद्यावधिक गर्ने गरेको छ? (लिङ्ग, उमेर, जात र आर्थिक स्थिति आदि) - /नगर प्रोफाइल | १ | पालिका प्रोफाइल तयार गरी (लिङ्ग, उमेर, जात र आर्थिक स्थिति आदि) समुदायस्तरका आधारभूत खण्डीकृत सूचना एवं तथ्यांक संकलन र व्यवस्थापन गरेको तर अद्यावधिक नभएको। | ०.५ | मध्यम |
| २.५.२ | पालिकाले समुदायस्तरका बेरोजगार तथा गरिबको तथ्यांक तथा नक्साङ्कन गर्ने गरेको/नगरेको (पालिका पार्श्वचित्र) | १ | पालिका प्रोफाइल तयार गरिएको तर समुदायस्तरका आधारभूत खण्डीकृत सूचना वा तथ्यांकमा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने कार्य अद्यावधिक नभएको। | ०.५ | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| २.५.३ | पालिकाले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार लिई स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ? | १ | पालिकाले स्थानीय विकास योजना तर्जुमा गर्दा पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आंशिक रुपमा उपयोग गरेको। | ०.५ | मध्यम |
| २.५.४ | पालिकाले सामाजिक सुरक्षा लाभग्राही र पञ्जीकरण तथ्याङ्क अद्यावधिक गर्ने गरेको/नगरेको? | १ | पालिकाका सामाजिक सुरक्षा लाभग्राही र पञ्जीकरण तथ्याङ्क MIS प्रणालीमा अद्यावधिक राख्ने गरिएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | |
| | **मूल विषयगत जम्मा** | २० | | ११.५ | |
| **३.** | **मानव संसाधन तथा क्षमता विकास** | | | | |
| ३.१ | **मानव संसाधन तथा क्षमता विकास** | | | | |
| ३.१.१ | पालिकाको क्षमता विकास योजनामा लैससासको अवधारणालाई समावेश गरी कार्यान्वयन गरेको छ? | १ | पालिकाको क्षमता विकास योजनामा लैससासको अवधारणालाई समावेश गरी कार्यान्वयन नगरेको। | ० | कमजोर |
| ३.१.२ | पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई लैससास सम्बन्धी तालिम उपलब्ध गराइएको छ/छैन र तालिम कार्यक्रममा लक्षित समूहका महिला र पुरुषको समान सहभागिता सुनिश्चितता गरिएको छ/छैन? | १ | पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई लैससास सम्बन्धी तालिम दिइएको। | ०.५ | मध्यम |
| ३.१.३ | सिप तथा क्षमता विकास तालिममा लैंगिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको छ/छैन ? सो सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन? | १ | तालिमहरूमा लैंगिक संवेदनशील भाषाको प्रयोग आंशिक रुपमा भएको र साथै महिलाका आवश्यकता समेट्ने र तालिमको गुणस्तरीय सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने नगरिएको। | ०.५ | मध्यम |
| ३.१.४ | महिला तथा लक्षित समूहको पदाधिकारीहरूको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन्/ छैनन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ/छैन? | १ | सबै पदाधिकारीहरूको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) कार्यान्वयन गरिएको। | १ | सबल |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१.५ | के पालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन्? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | १ | पालिकामा लैससास सम्बन्धी तालिम दिन र कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने थोरै मात्र जनशक्ति रहेको। | ०.५ | मध्यम |
| ३.१.६ | के पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाईको व्यवस्था छ? | १ | पालिकामा मानव संसाधन विकास केन्द्रको स्थापना भएको। | १ | सबल |
| ३.१.७ | महिला र वञ्चितीकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र कार्यान्वयन भए/नभएको? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | १ | महिला र वञ्चितीकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम गरेको। | १ | सबल |
| ३.१.८ | महिला विकासका लागि बेजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरूको बारेमा पालिकाका पदाधिकारीहरू र कर्मचारीहरूलाई जानकारी छ? सोको लागि अभिमुखीकरण गरिएको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | बेजिङ घोषणापत्र सम्बन्धमा स्थानीय पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण नगरिएको। | ० | कमजोर |
| | **सहायक विषयगत जम्मा** | ८ | | ४.५ | |
| ३.२ | **अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना** | | | | |
| ३.२.१ | आवधिक तथा वार्षिक योजनामा महिला हिंसा बिरुद्धका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | आवधिक तथा वार्षिक योजनामा महिला हिंसा बिरुद्धका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको तर वस्तीस्तरसम्म नपुगेको। | १ | सबल |
| ३.२.२ | लैंगिक हिंसारहित पालिका घोषणा गरेको छ? (घोषणा गरेको मिति) र महिला हिंसा बिरुद्ध सून्य सहनशीलता अपनाएको छ? (घटेको घट्ना संख्या र लिइएको निर्णय) | १ | लैंगिक हिंसारहित पालिका घोषणा नगरेको।<br>महिला हिंसा बिरुद्ध सून्य सहनशीलता सम्बन्धमा स्थानीय नीति लागू नभएको। | ० | कमजोर |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२.३ | महिला हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको छ/छैन? (कार्यक्रम संख्या उपस्थिति तथा निर्णय पुस्तिका) | १ | महिला हिंसा बिरुद्धको सचेतनामूलक कार्यक्रममा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन भएको। (कार्यक्रम संख्या ६ र उपस्थिति ३०२ जना) | १ | सबल |
| ३.२.४ | समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बालबिवाह, बहुबिवाह, दाईजो आदि निर्मुल गर्ने कार्यक्रमहरू सञ्चालन गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | स्थानीय स्तरमा उल्लिखित सामाजिक कुसंस्कारहरू निर्मुल गर्नको लागि सचेतनामूलक तालिमहरू सम्पन्न गरेको। आ. व. २०८१/८२ मा (कार्यक्रम संख्या ४ र उपस्थिति २१० जना) भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.० | |
| ३.३ | **कानुनी साक्षरता** | | | | |
| ३.३.१ | स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीलाई नेपालको संविधान, प्रचलित संघीय, प्रदेशस्तरीय र स्थानीय कानुनहरूको बारेमा अभिमुखीकरण गरेको/नगरेको? | १ | पालिकाका पदाधिकारीलाई संघवाट जारी भएका उल्लेखित ऐन कानुनहरू सम्बन्धमा अभिमुखीकरण भएको। | १ | सबल |
| ३.३.२ | निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया सम्बन्धमा अभिमुखीकरण गर्ने गरेको/नगरेको? | १ | निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया सम्बन्धमा अभिमुखीकरण नगरेको। | ० | कमजोर |
| ३.३.३ | पालिकामा महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालित भएका छन्? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण) | १ | पालिकाले महिलाहरूको लागि कानुनी शिक्षा कार्यक्रमहरू सञ्चालन गरेको तर वस्तीस्तरसम्म नपुगेको। | १ | सबल |
| ३.३.४ | महिलाको लागि कानुनी शिक्षा कार्यक्रमबाट उनीहरू लाभान्वित भएका छन् ? (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र | १ | महिलाहरूको लागि कानुनी शिक्षा कार्यक्रम कार्यान्वयनबाट थोरै महिलाहरू लाभान्वित भएको। | ०.५ | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| | यसको असर) | | | | |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | |
| **३.४** | **विपद् व्यवस्थापनमा समावेशीकरण** | | | | |
| ३.४.१ | पालिकाले विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि तथा मापदण्ड लागू गरेको छ? उक्त दस्तावेजहरु तयार गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायसँग परामर्श गरेको छ/छैन ? र यस्ता दस्तावेजमा सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको? | १ | विपद् व्यवस्थापन सम्बन्धी ऐन बनेको तर कार्यविधि तथा मापदण्ड लागू भएको। | ०.५ | मध्यम |
| ३.४.२ | स्थानीय स्तरको विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितीकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने व्यवस्था गरेको छ/छैन? | १ | विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदाय समेतको तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने नीतिगत व्यवस्था भएको। | १ | सबल |
| ३.४.३ | विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितीकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने व्यवस्था गरेको छ/छैन? | १ | विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा महिला तथा वञ्चितीकरणमा परेको समुदायलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने नीतिगत व्यवस्था गरेको। | १ | सबल |
| ३.४.४ | विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको? | १ | पालिकामा विपद् व्यवस्थापन कोषको स्थापना भएको।<br>तर कोष सञ्चालन कार्यविधि तयार तथा लागू भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.५ | |
| | **मूल विषयगत जम्मा** | २० | | १३.५ | |
| **४.** | **सेवा प्रवाह** | | | | |
| **४.१** | **पूर्वाधार विकास** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणका लागि ड्रइङ, डिजाइन, लागत अनुमान तयार गर्दा लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था गरेको छ/छैन? | १ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान आंशिकरुपमा लागू भएको। | ०.५ | मध्यम |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन गरेको छ/छैन? | १ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था आंशिकरुपमा कार्यान्वयन गरेको । | ०.५ | मध्यम |
| ४.१.३ | ठूला र व्यावसायिक निजी भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन गरेको छ/छैन? | १ | ठूला र व्यावसायिक निजी भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन नगरेको। | ०.५ | मध्यम |
| ४.१.४ | स्थानीय तहले महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई आधुनिक तथा वैकल्पिक उर्जामा पहुँच बढाउने कार्यक्रमहरू कार्यान्वयन गरेको छ/छैन? | १ | महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई आधुनिक तथा वैकल्पिक उर्जामा पहुँच बढाउने कार्यक्रमहरू कार्यान्वयन गरेको। | १ | सबल |
| | | ४ | | २.५ | |
| **४.२** | **प्रजनन स्वास्थ्य** | | | | |
| ४.२.१ | वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको छ/छैन? | १ | वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको। | १ | सबल |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरूमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन गरिएको छ/छैन? | १ | स्वास्थ्य चौकीहरूमा बच्चाका आमाहरुलाई स्तनपान कक्षको व्यवस्था गरिएको। | ०.५ | मध्यम |
| ४.२.३ | परिवार नियोजन, मातृशिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू | १ | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन भएका। | १ | सबल |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालन गरिएका छन्? | | | | |
| ४.२.४ | महिला, गरिब, निमूखा र वञ्चितीकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य बीमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको? | १ | पालिकावाट महिला तथा लक्षित समुदायका नागरिकहरुको स्वास्थ्य बीमा सहयोग कार्यक्रम भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.५ | |
| ४.३ | **शिक्षा कार्यक्रम** | | | | |
| ४.३.१ | स्थानीय तहले विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए/नमिलाएको? | १ | विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने कार्यक्रम सञ्चालन भएको। | १ | सबल |
| ४.३.२ | स्थानीय तहले विपन्न तथा वञ्चितीकरण परेका बालबालिकालाई छात्रबृत्ति र निशुल्क शिक्षाको व्यवस्था गरेको छ/छैन? | १ | स्थानीय तहले विपन्न तथा वञ्चितीकरण परेका बालबालिकालाई छात्रबृत्ति र निशुल्क शिक्षाको व्यवस्था गरेको। | १ | सबल |
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन भए नभएको? (कार्यक्रमको नाम र सहभागी संख्या) | १ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन भएको। | १ | सबल |
| ४.३.४ | विद्यालयमा किशोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको? | १ | किशोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ४.० | |
| ४.४ | **खानेपानी तथा सरसफाइ** | | | | |
| ४.४.१ | पालिकामा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था गरेको छ/छैन? | १ | पालिका र वडामा सफा पिउने पानी, हात धुने व्यवस्था आंशिक भएको।<br>पालिका र वडाहरुमा महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था भएको। | १ | सबल |
| ४.४.२ | खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरेको छ/छैन ? यी कार्यक्रमहरुमा महिला तथा बालबालिकाहरुको सहभागिता सुनिश्चित गरिएको छ/छैन? | १ | पालिका खुला दिशामुक्त घोषणा भएको ।<br>सबै घरमा शौचालय छन् ।<br>टोल सरसफाइ कार्यक्रम निरन्तर सञ्चालनमा रहेको ।<br>खानेपानीको मुल संरक्षण कार्यहरु सञ्चालनमा रहेको । | १ | सबल |
| ४.४.३ | फोहोर व्यवस्थापन र उपयोग | १ | फोहोर व्यवस्थापन र | १ | सबल |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू भएको छ/छैन? | | उपयोग सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू पूर्ण रुपमा भएको। | | |
| ४.४.४ | महिला समेतको सहभागितामा पानीको स्रोत संरक्षण तथा पानी संकलन र सदुपयोग सम्बन्धी कार्यक्रम सञ्चालन भएको छ/छैन? | १ | खानेपानी मुहानको संरक्षण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको। | ०.५ | मध्यम |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.५ | |
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन** | | | | |
| ४.५.१ | पालिकाको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको नक्सांकनलाई आधार लिइएको छ/छैन? | १ | बेरोजगार तथा गरिबीको तथ्यांक संकलन भएको तथा अद्यावधिक नभएको र योजना तर्जुमाको समयमा यसलाई उपयोग गरिएको। | १ | सबल |
| ४.५.२ | पालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा विपन्न नागरिकको क्षमता विकास कार्यक्रमहरू तयारी र कार्यान्वयन गरेको छ/छैन? (कार्यक्रम संख्या र उपस्थिति) | १ | पालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा विपन्न नागरिकको क्षमता विकास कार्यक्रमहरू तयारी र कार्यान्वयन गरेको। (कार्यक्रम संख्या - ७ र उपस्थिति संख्या - २१०) | १ | सबल |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरू) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम)? | १ | ग्रामिण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरू) उत्पादनका लागि प्राविधिक शिक्षा छात्रबृत्ति कार्यान्वयन गरेको। | १ | सबल |
| ४.५.३ | महिला तथा विपन्न समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिएको छ/छैन? | १ | महिला तथा विपन्न समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ४.० | |
| | **मूल विषयगत जम्मा** | २० | | १७.५ | |
| **५.** | **सुशासन तथा उत्तरदायित्व** | | | | |
| ५.१ | **सुशासन** | | | | |
| ५.१.१ | संविधान तथा प्रचलित कानुनअनुसारका स्थानीय तहलाई प्राप्त अधिकार तथा | १ | संविधान तथा प्रचलित कानुनअनुसारका स्थानीय तहलाई प्राप्त अधिकार तथा | १ | सबल |

| | | | | | |
|---|---|---|---|---|---|
| | जिम्मेवारीहरू आवश्यक कानुन तथा विधिहरू लागू गरी सोही बमोजिम कार्यान्वयन भएको छ/छैन? | | जिम्मेवारीहरूका लागि अधिकांश कानुन तथा विधिहरू लागू गरी सोही बमोजिम कार्यान्वयन भएको। | | |
| ५.१.२ | स्थानीय तहले विधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरू कार्यान्वयनमा ल्याएको/नल्याएको? | १ | पालिकाले विधिको शासन ब्यापक जनसहभागिता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरू कार्यान्वयनमा ल्याएको। | ०.५ | मध्यम |
| ५.१.३ | महिला विकासको लागि भएका बेजिङ घोषणपत्रका बाहवटा प्रतिबद्धताहरूको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | महिला लक्षित कार्यक्रमहरू सञ्चालन भएको।<br>बेजिङ घोषणापत्रका १२ बुँदाहरूलाई बिशिष्टीकृत गरी कार्यक्रम नगरिएको। | ०.५ | मध्यम |
| ५.१.४ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन भएको छ/छैन? | १ | बाल अधिकार सम्बन्धी महासंन्धिले निर्धारण गरेका प्रतिवद्धताहरू आवधिक तथा वार्षिक योजनामा समावेश गरी कार्यान्वयन भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.० | |
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता** | | | | |
| ५.२.१ | पालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको? | १ | चौमासिक रुपमा सार्वजनिक सुनुवाइ गरिएको।<br>सूचनाहरू वेवसाइट फेसबुक पेज आधिकारिक पत्रिका मार्फत सम्प्रेषण गर्ने गरिएको।<br>सामाजिक परीक्षण परीक्षण नभएको। | ०.५ | मध्यम |
| ५.२.२ | पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ आदि कार्यक्रममा लक्षित वर्ग र समुदायका सदस्यको सहभागिता गराइएको छ/छैन? | १ | उक्त कार्यक्रमहरूको लागि सबै नागरिकहरूलाई निमन्त्रणा गरिएको।<br>महिला तथा वञ्चितीकरणमा परेका समुदायको व्यक्ति उपस्थितिको सुनिश्चित गरिएको। | १ | सबल |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२.३ | पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ आदि कार्यक्रममा लक्षित वर्ग र समुदायबाट प्राप्त सवाल र सुझावहरूको सम्बोधन गरिएको छ/छैन? | १ | पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ आदि कार्यक्रममा लक्षित वर्ग र समुदायबाट प्राप्त सवाल र सुझावहरूको सम्बोधन गरिएको। | १ | सबल |
| ५.२.४ | पालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता लागू गरिएको छ/छैन? | १ | पालिकाका पदाधिकारी र कर्मचारीको आचारसंहिता लागू भएको। | १ | सबल |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.५ | |
| **५.३** | **सूचना तथा सञ्चार** | | | | |
| ५.३.१ | पालिकाले वार्षिक तथा अन्य कार्यक्रम तथा बजेट र कार्यान्वयनको अवस्था सम्बन्धी सूचनाहरू सबै वर्ग र समुदायले प्राप्त गर्ने गरी सार्वजनिक गरको छ/छैन? | १ | वार्षिक नीति तथा कार्यक्रम सभावाट पास भएपछि सम्पूर्ण पालिकाबासीलाई सूचना गरी बजेट तथा कार्यक्रम सार्वजिनिकीकरण गर्ने गरिएको। | १ | सबल |
| ५.३.२ | पालिकाले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको? | १ | पालिकाले स्थानीय सूचना नेपाली बाहेक अन्य स्थानीय भाषामा प्रवाह तथा प्रशारण नगरेको। | ०.५ | मध्यम |
| ५.३.३ | के पालिकाले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ/छैन? | १ | रेडियो र पत्रिकाबाट लैससास सम्बन्धी सूचना प्रवाह गर्ने गरिएको। | १ | सबल |
| ५.३.४ | पालिकाले लक्षित वर्ग तथा समुदायको लागि सञ्चालन गरेको सूचना शिक्षा र सञ्चार कार्यक्रमबाट सम्बन्धित वर्ग लाभान्वित भएका छन्? | १ | दलित, आदिबासी जनजाति तथा लक्षित समूहहरूको सूचना शिक्षा र सञ्चार कार्यक्रम लागू नभएको हुँदा जनचेतना बृद्धिमा कम मात्रै योगदान भएको। | ०.५ | मध्यम |
| | **सहायक विषयगत जम्मा** | ४ | | ३.० | |
| **५.४** | **अनुगमन र मूल्यांकन** | | | | |
| ५.४.१ | के कार्यक्रम तथा परियोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ? | १ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयनवाट सम्बन्धित समुदायले अधिकतम् लाभ लिएको छ। | १ | सबल |
| ५.४.२ | पालिकाले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्दा लैससासको दृष्टिकोणले लाभ असर विश्लेषण | १ | अनुगमन तथा मूल्यांकन गरिए पनि लाभ र असरको आंशिक विश्लेषण नभएको। | ०.५ | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| | गरिएको छ? | | | | |
| ५.४.३ | पालिकाका समीक्षा बैठकमा महिला बालबालिका तथा अन्य लक्षित वर्गहरूका लागि छुट्याइएका कार्यक्रमहरू माथि छलफल गर्ने गरेको छ? | १ | पालिकाका समीक्षा बैठकमा महिला बालबालिका तथा अन्य लक्षित वर्गहरूका लागि छुट्याइएका कार्यक्रमहरू माथि छलफल गर्ने गरिएको। | ०.५ | मध्यम |
| ५.४.४ | कार्यक्रम तथा परियोजनाहरूको अनुगमन तथा मूल्यांकनका प्रतिवेदनहरू संकलन गरी सोही अनुसारका सुधारात्मक कार्यहरू गर्ने गरिएको छ/छैन? | १ | अनुगमन र मूल्यांकनवाट अनुभवका आधारमा योजना तयार गरिएको। | ०.५ | मध्यम |
| | **सहायक विषयगत जम्मा** | ४ | | २.५ | |
| **५.५** | **समन्वय र सम्बन्ध बिस्तार** | | | | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेशले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको? | १ | समन्वय र साझेदारीमा कार्यक्रमहरू गर्ने गरिएको । | १ | सबल |
| ५.५.२ | लैससास क्षेत्रका सरोकारवाला निकायहरू बीच सञ्जाल गठन र परिचालन भएको छ/छैन? | १ | लैससास कार्यान्वयनको लागि सरोकारवालाहरूको सञ्जाल गठन नभएको। | ० | कमजोर |
| ५.५.३ | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएको छ/छैन? | १ | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरू सञ्चालन नभएको। | ० | कमजोर |
| ५.५.४ | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा पालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको? | १ | यी राष्ट्रिय कार्ययोजनाहरूमा तोकिएका कार्यक्रमहरू सञ्चालन गर्ने नीतिगत निर्णय नभएको तर केही कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गरिएको। | ०.५ | मध्यम |
| | **सहायक विषयगत जम्मा** | ४ | | १.५ | |
| | **मूल विषयगत जम्मा** | २० | | १३.५ | |
| | **कुल जम्मा** | १०० | | ७१.० | |

अनुसूची-४

## हाजिरी